# भूमे साप्ताहिक

वर्ष ४ अङ्क २ २०७९ कात्तिक १५ मङ्गलबार

*सम्पादकीयः*

## मतदाता शिक्षा आजको आवश्यकता

मतदाता शिक्षा दिनु राज्यको प्रमुख दायित्व हो। मतदाता शिक्षा नागरिक शिक्षाकै एक अंशका रुपमा लिन सकिन्छ । आम नागरिकको मतदानमा भाग लिन पाउने राजनीतिक अधिकार भएता पनि नागरिकहरुको सूचनाप्रति अनविज्ञता, सूचना थाहा भएर पनि बेवास्ता, मतदानको अधिकारप्रति सचेतनाको अभाव, भौगोलिक विकटता, मौसमी प्रतिकूलता, निश्चित समयावधिभित्र नाम दर्ता गराउनुपर्ने बाध्यात्मक अवस्था, वैदेशिक रोजगारीमा आबद्धता र खेतीपाती तथा आफ्नै दैनिक कार्यव्यस्तताजस्ता विभिन्न कारणले गर्दा अझै पनि थुप्रै संख्यामा नागरिकहरु मतदान प्रकृयाभन्दा बाहिर रहेको तथ्याङ्क निर्वाचन अनुगमन प्रतिवेदनहरूले औंल्याउने गरेको पाइन्छ ।

मतदान प्रकृयामा भाग लिन मतदाता नामावलीमा नाम समावेश हुनुपर्ने अनिवार्यता भएकोले निर्वाचनपूर्वको तयारीमा मतदाता नामावली अद्यावधिक गरिनुपर्छ। मृत्यु, बसाइँसराइ तथा योग्यता पुगेका नागरिकहरूका नाम अद्यावधिक गर्न निर्वाचन आयोगले निश्चित समयावधिमा सम्बद्ध जिल्ला निर्वाचन कार्यालय तथा स्थानीयस्तरमा टोलीसमेत परिचालन गर्ने कार्य गर्दछ। मतदाता शिक्षा कार्यक्रम/अभियान नियमित रूपमा चलिरहनुपर्छ। निर्वाचन र निर्वाचनको मिति, स्थान, समय, मतदान गर्ने तरिकाबारे पर्याप्त जानकारी मतदातालाई समयमा नै दिनुपर्छ। यसका साथै स्थानीयस्तरमा काम गर्ने विभिन्न गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँग समेत आपसी साझेदारी र सहकार्य हुनु आवश्यक छ ।

अन्तमा, प्रजातान्त्रिक मुलुकमा आवधिक रूपमा नियमित तवरले मतदान प्रक्रियाहरू सञ्चालन भइरहने भएकाले राज्यले देश, काल, परिस्थिति, जनचेतनाको स्तर, भौगोलिक अनुकुलता एवम् उपयुक्त माध्यमबाट मतदाता शिक्षालाई महत्वका साथ जोड दिन सकेमा मात्र निर्वाचन प्रकृयामा सबै नागरिकको सहज पहुँच पुग्न सक्छ ।



प्रकाशकः

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

## कालोपत्रे हुँदै ग्रामीण सडक



*बालाराम शेर्पाली*
*कार्तिक ६, २०७९*

भूमे गाउँपालिकामै पहिलो पटक ग्रामीण सडक कालोपत्रे हुने भएको छ । गाउँपालिकाको वडा नं. ३ मा रहेको सिसाघारी — सिमा — झुम्लाबाङ - राङ्सी ग्रामीण सडक खण्ड कालोपत्रे हुने भएको हो।

शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग अन्तर्गत ग्रामीण सडक सञ्जाल सुधार आयोजना (आरसीआइपी)को आयोजना र एशियाली विकास बैंकको आर्थिक सहयोगमा उक्त सडक कालोपत्रे गर्ने जिम्मा लिएको छ । सडक मर्मतको लागि सम्पूर्ण काम सकिएर अन्तिम वातावरणीय प्रभाव मूल्याङ्कन सार्वजनिक परीक्षण पनि गरिसकिएको र अब छिटै ठेक्का प्रक्रियामा लैजाने तयारीमा रहेको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताए ।

उक्त सडक खण्डमध्ये हाल सिसाघारी — सिमा - झुम्लाबाङ ६ किलोमिटर सडक कालोपत्रे हुने भएको हो । सडकको चौडाई ५ दशमलव २५ मिटर हुने उक्त सडक कालोपत्रेको लागि बजेट २१ करोड ६० लाख ४१ हजार ६ सय ९४ रुपैयाँ रहेको गाउँपालिका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

## भूमेको एक मात्र धान पाक्ने खेत सिमा

*बालाराम शेर्पाली*
*कार्तिक १०, २०७९*

भूमे गाउँपालिकामा ९ वटा वडाहरु रहेका छन्। जसमध्ये गाउँपालिकाको को वडा नं. ३ सिमा खेतमा स्थानीय जातको रैजाने धान फल्छ।
भूमेको अरु वडा भन्दा अलि बेसी र समथर ठाउँ भएको क्षेत्र सिमा खेत हो । भूमे गाउँपालिकाका सबै वडाका सबैजसो कृषकहरु वर्षेनी दुई बाले खेती गर्दछन्। सिमाखेत बाहेक सबै वडाहरूमा वर्षेबालीमा मकै, कोदो फापर, सिमी, भटमास पाक्छन तर सिमामा भने किसानहरू वर्षे बालीको रुपमा धान रोप्छन् । बसन्त ऋतु सुरु भएसँगै र बैशाखको अन्तिममा धानको बिउ जमाउने गरेको सिमा गाउँका स्थानीय किसानहरु बताउँछन्।



सिमा गाउँका किसानहरु जेठको अन्तिम र असार मसान्तसम्म धान लगाउने गरेको बताउँछन्, स्थानीय किसान लिला सुनार। उनी थप्छन् – "पहिले जस्तो अहिले कृषकहरु त्यति खेतीपातिमा ध्यान दिँदैनन् । पुर्खादेखि रोप्दै आएको कालो धानको बिउ अहिले लोप हुँदै आएको छ । अहिले विकासी भत्ते जातको धान पनि रोप्न थालेका छन्।"

असारको दोस्रो हप्तातिर रोपेको धान आजभोलि पाकेर खेतमा धान झुलेर पहेंलै भएको छ। धान भित्र्याउने बेला असिना पानी र हावाहुरीले धान नष्ट गरिदेला कि भन्ने पीरले सताउने गरेको स्थानीय किसानहरु चिन्ता व्यक्त गर्दछन् । तिहार पर्व मनाएर असिना पानी नपर्दै खेतमा पाकेको धान भित्र्याउने सुरमा स्थानीय किसानहरु छन् । मानो रोपी मुरी फलाउने किसानहरु यतिबेला खेतमा झुलेको धान देखेर दङ्ग छन्।

## झुम्लाबाङमा तीन जिल्लाका कृषकहरुलाई तालिम

*बालाराम शेर्पाली*

*कार्तिक ४, २०७९*



तीन जिल्लाका कृषकहरुलाई गहुँको जात छनौट र नर्सरी व्यवस्थापन सम्बन्धी तीन दिने तालिम सम्पन्न भएको छ। भूमे गाउँपालिका वडा नं. ३ झुम्लाबाङमा सञ्चालित ७ दिने कृषक तालिममा रुकुम पूर्व, रुकुम पश्चिम र जाजरकोट जिल्लाका ३४ जना कृषकहरु सहभागी थिए। असोज २८ गतेदेखि ३० गतेसम्मको तालिममा १० प्रकारका गहुँको बिउको

छनौट परीक्षण गरिएको थियो ।

तालिममा परीक्षणका लागि खुमल शक्ति, भेरिगङ्गा, कोटिला, एनएल १९७०, एनएल १२२६, डब्लुके १२०४, स्थानीय गहुँ, डाँफे, मुनाल र स्वर्गद्वारी जातका बिउ परीक्षण गरिएको गहुँका बिउहरु छनौट गरिएको गहुँ बाली अनुसन्धान केन्द्र भैरहवाका प्रशिक्षक खेमराज पन्तले जानकारी दिए।

असोज ३१ गतेदेखि कात्तिक ४ गतेसम्मको तालिम बहुउद्देश्यीय नर्सरी निर्माणसँग सम्बन्धित रहेको थियो। उक्त तालिममा बहुउद्देश्यीय नर्सरी बनाउने आवश्यक पर्ने पूर्वाधार निर्माण, फलफूल, डाले घाँस, तरकारी खेती, बेर्ना उत्पादन, नर्सरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रयोगात्मक ढङ्गले सञ्चालन गरिएको नर्सरी सहकर्ता रामचन्द्र न्यौपानेले बताए। उक्त तालिमबाट प्रशिक्षित कृषकहरुले तालिममा सिकेको कुरा आफूले व्यवहारमा उतारी गाउँ समाजमा अन्य कृषकहरुलाई पनि सिकाउँदै प्रविधि हस्तान्तरण गर्ने लक्ष्य लिएको झुम्लाबाङ भिलेज फाउण्डेसनका फिल्ड संयोजक शिव कुमार बुढाले बताए। तालिम सञ्चालन फास्टन एक्सन नामक गैससको आर्थिक सहयोग र झुम्लाबाङ भिलेज फाउण्डेसनको आयोजनामा भएको थियो।

## पालिकास्तरीय बाल सञ्जाल गठन तथा अभिमुखिकरण सम्पन्न

*बालाराम शेर्पाली*

*कार्तिक १०, २०७९*

भूमे गाउँपालिकामा पालिकास्तरीय बाल संजाल गठन तथा अभिमुकरण कार्यक्रम सम्पन्न भएको छ । बालसञ्चालका पदाधिकारीहरुलाई बाल अधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी ३ दिने तालिम समेत दिइएको छ ।



भूमे गाउँपालिकाको आयोजना तथा युनिसिफ नेपालको आर्थिक सहयोगमा सबै वडा र विद्यालयहरुबाट सहभागी बालसञ्जालका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम दिइएको हो । भूमे गाउँपालिकाको तालिम हलमा सम्पन्न उक्त तालिममा बालअधिकार सम्बन्धी भएका सकारात्मक प्रयास, बालबालिकाको हक अधिकार, सुधार गर्नुपर्ने पक्षको पहिचान तथा छलफल गर्नुका साथै घरेलु तथा लैङ्गिक हिंसासम्बन्धी समेत अभिमुखीकरण गरिएको थियो।

तीन दिनसम्म सञ्चालित तालिमले बालअधिकार र बालमैत्री स्थानीय शासन, घरेलु तथा लैङ्गिक हिंसा न्यूनिकरणका बारेमा धेरै कुरा बुझ्ने अवसर प्राप्त भएकाले तालिम अर्थपूण, फलदायी एवं उपलब्धिमूलक भएको प्रतिक्रिया तालिमका सहभागी जालकुमार सुनारले दिए । बिशाल बुढाको अध्यक्षमामा गठित १९ सदस्यीय पालिकास्तरीय बाल सञ्चालमा उपाध्यक्ष विषनमाया विक, सचिवमा सुनिता विक, सहसचिवमा जालकुमार सुनार र कोषाध्यक्षमा विराज वि.क. रहेका छन् । नवगठित बालसञ्जालका पदाधिकारीहरुलाई भूमे गाउँपालिकाका अध्यक्ष श्री होमप्रकाश श्रेष्ठले बधाई तथा धन्यवाद ज्ञापन गर्दै बालबालिकाहरुले तालिममा सिकेका ज्ञानलाई आ-आफ्नो बालक्लब तथा साथी समूहलाई सिकाउन र व्यवहारमा उतार्न अनुरोध गर्नुभयो। कार्यक्रममा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढा, निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन चेतन बुढाले गर्नुभएको थियो ।



## भविष्यका नायक [कविता]

- नारायण ओली



बुवाले मेरै भविष्यका लागि,
डोकाका डोका मलहरु छरिदिनु हुथ्यो।।
लेक गर्नुहुन्थ्यो बेंसी गर्नुहुन्थ्यो,
मेरा मात्र सपनीहरु देख्नु हुन्थ्यो।।

ठूलो मान्छे बनाउनलाई
चिसो मलको थुप्रो पिठ्युमा बोकेर पसिना
बगाउदै।।
आफ्नो भोक लुकाउनु हुन्थ्यो,
हामीलाई मिठा परिकारहरु खुवाउनु हुन्थ्यो।।

मेला जाँदा बुवाको औंला समाएर जान्थें,
पछिपछि बुर्कुसी मार्दै मार्दै।।
जब मेरा पाउहरु थाकिएर कुजा हुन्थे,
पिठ्युँमा बोकेर ल्याउनु हुन्थो ।।

सानो माटै माटोले भरिएको घर थियो,
त्यही घरमा अपार सपना सजाउन ।
गोरु बिरामी भएको दिन,
कोदालीले भविष्यको ठूलै मेलो खन्नु हुन्थ्यो।।

दुखनगर देखि आसानगरसम्म जाँदा,
सयौं नदिका जंघारहरु तर्न।
म गोडा हल्लाउथे ती जंघारहरु तर्दा,
बुवाले मलाई काधमा बसाल्नु हुन्थ्यो ।।

घामले पोल्थ्यो,
बुवाले बोकेको नलको भारिमा म बसेर गीत
गाउथे।।
बुवा ठूलो नलको भारि बोकेर,
स्वाहा स्वाहा गर्दै उकालो हिड्नु हुन्थ्यो।।

अहिले सानो पहाडबाट झरेको,
पानी ती अन्जुलीमा भर्न सक्नुहुन्न।।
उहिले बिहानै उठेर वारि जोत्नु हुथ्यो,
सिगैं पहाड उच्चाल्नु हुन्छ जस्तो लाग्थ्यो ।।

कालो पाटिमा अक्षर कोर्न सिकाउनु हुन्थ्यो,
त्यो न्यानो काखमा बसालेर ।।
दिदी भाईलाई पेन्सिल किन्ने पैसा नहुदा,
एउटै पेनसिल बाडिदिनु हुन्थ्यो ।।

माईली आमाको चर्को बोलीमा पनि,
तपाईं कहिले रिझाउनु भैन।।
बेला बेला साँध चापेर,
बारीमा गोरु छाडेर खुबै सताउनु हुन्थ्यो ।।

खुबै दुख गर्नु हुन्थ्यो,
दुख गरेर पनि रमाउने मेरो बुवा मात्र होला।।
बुवाले दुख गरेर पनि,
मेरा लागि हजारौं हजार सपनाहरु केलाउनु
हुन्थ्यो।।

डोको बुनेर,
मित्रनगर सम्म बेच्न जानू भयो ।।
मेरै भविष्यका लागि,
साहुको ढुङ्गा बोक्नु हुन्थ्यो ।
अझै के के गर्नुहुन्थ्यो।।


नाम : दिलचन रोका
कक्षा : ३
रोल नं : १
विद्यालय : श्री बालविकास आ. वि. जंगाडाँडा
प्रमाणित गर्ने
राजेन्द्र


कक्षा -३
प्रमाणित गर्ने

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१) सूचना प्रविधि केन्द्र स्थापन गर्ने पहिलो स्थानीय तह कुन हो ? - **साँफेबगर नगरपालिका (अछाम)**

२) गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष्य बन्नका लागि न्यूनतम उमेर हदको प्राबधान कति रहेको छ? -**२१ वर्ष पूरा भएको**

३) स्थानीय तह भन्नाले के बुझिन्छ ? - **गाउँपालिका, नगरपालिका र जिल्ला सभा**

४) इन्द्रसरोवर कुन जिल्लामा पर्दछ ? - **मकवानपुर** (नेपालको सवैभन्दा ठुलो मानव निर्मित ताल)

५) सवैभन्दा कम स्थानीय तह भएको जिल्ला कुन हो ? - **रुकुम (पूर्व)** (३ वटा स्थानीय तह रहेको) (सवैभन्दा बढी स्थानीय तह भएको जिल्ला सर्लाही हो जसमा २० वटा स्थानीय तह छन)

६) विश्व भोकमरी सुचकांक, २०२२ मा नेपाल कति औं स्थानमा रहेको छ ? - **८१ औं स्थानमा**

७) सताब्दी पुरुष सत्यमोहन जोशीको निधन कहिले भएको हो ? - **वि.सं. २०७९ असोज ३० गते**

८) Golden Planet भनेर हुन ग्रहलाई चिनिन्छ? - **शनि**

९) एग बास्केटको जिल्ला भनेर कुन जिल्लालाई चिनिन्छ ? — **चितवन**

१०) चिया खेतीको लागि प्रसिद्ध जिल्ला इलाम हो भने जैतुनका लागि प्रसिद्ध जिल्ला कुन हो ? — **बाजुरा**

११) विश्वको सवैभन्दा लामो नदी नाइल नदी कुन देशमा पर्दछ ? - **इजिप्ट** (नाइल नदीको लम्बाई ६,६९० कि.मि. छ भने अफ्रिका महादेशका ११ वटा देश हुदै बगेको छ)

१२) गाईजात्राको चलन प्रताप मल्लले चलाएका हुन भने घोडेजात्राको चलन कसले चलाएका हुन ? - **जयप्रकाश मल्ल**

१३) छठ पर्व कहिले मनाइन्छ ? - **कार्तिक शुक्ल षष्ठी**

१४) कञ्चनजंघा हिमाललाई पुजा गर्ने जाति कुन हो ? — **लेप्चा**

१५) कर्णाली ब्लुज कृतिका लेखक को हुन ? — **बुद्धिसागर**

१६) विश्व वातावरण दिवस कहिले मनाईन्छ ? - **जुन ५**

१७) राष्ट्रिय जनगणना, २०७८ को लोगोमा उल्लेख गरिएको नारा के हो ? - **मेरो गणना मेरो सहभागिता**

१८) UNWTO को प्रधान कार्यालय कहाँ रहेको छ ? - **स्पेनको मेड्रिड**

१९) स्लेटका लागि प्रसिद्ध ठाँउ कुन हो ? — **बन्दिपुर**

२०) वातावरण क्षेत्रको नोवेल पुरस्कार भनेर कुन पुरस्कारलाई चिनिन्छ ? - Blue Planet Award

२१) लुम्बिनी प्रदेशमा कतिवटा स्थानीय तह छन ? - **१०९ वटा**

२२) नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका अधिकारको सूची कति कति रहेका छन ? - **संघको ३५, प्रदेशको २१ र स्थानीय तहको २२ वटा**

२३) साइकलका आविष्कारक को हुन ? - **मेक मिलन**

२४) मौरीपालन सम्बन्धी अध्ययन गर्ने शास्त्रलाई के भनिन्छ ? - **एपिकल्चर** (Apiculture)

२५) फ्रिजमा कुन ग्याँस हुन्छ ? — **एमोनिया**

२६) दुखाई मापन गर्ने यन्त्रलाई के भनिन्छ ? — **एल्गोमिटर**

२७) सार्कको सचिवालय कुन देशमा रहको छ ? - **नेपालमा**

(संकलन/प्रस्तुतकर्ता: विजय बाँठा मगर)

## कम्पोष्ट मल बनाउने विधि

संकलनःनारायण ओली
(ना.प.से.प्रा. भूमे गा.पा.)

कम्पोष्ट मल हाम्रो गोठमा उत्पादन हुने मल हो । विभिन्न खालका खेर जाने प्राङ्गारिक पदार्थहरू, जस्तै झारपात, स्याउला, भान्साको फोहोरमैला, बालीको अवशेष आदिलाई खाडल वा थुप्रोमा राखेर कुहाइ बनाइने मललाई कम्पोष्ट मल भनिन्छ। गोठेमल जस्तै यो पनि महत्वपूर्ण प्राङ्गारिक मल हो। हाल गाउँघरमा किसानहरुले कम्पोष्ट मल बनाउने प्रयास गरेको देखिन्छ। यसरी कम्पोष्ट मल बनाउदा विभिन्न सामग्रीहरु चाहिन्छ जुन स्थानीयस्तरमै उपलब्ध हुन्छ। हड्डीको धुलो गाउँघरमा नपाइए पनि यसको साटो तितेपाती, असुरो, र जंगलमा पाइने माटोको प्रयोग गरेर मल बनाउन सकिन्छ।

कम्पोष्ट मल दुई किसिमले बनाउन सकिन्छ ।

१) **पहिलो तरिकाबाट मल बनाउदा आवश्यक पर्ने सामाग्रीहरुः**

- गाई भैसिको मल- १०० डोको
- लेयर्सको मल - १५० के.जी
- हड्डिको धुलो - ४० के.जी
- तोरीको पिना - ४० के.जी
- खरानी - १०० के.जी
- काठको धुलो - १०० के.जी
- आई पि एग्रो लिक्वीड - २ बोतल
- सखर/भेली - २ के.जी
- चार ईन्चको कालो पोलिथिन पाईप (२ प्वाल) — २ टुक्रा (१२ फिट)

१) **दोस्रो तरिकाबाट मल बनाउदा आवश्यक पर्ने सामाग्रीहरुः**

- गाई भैसिको मल- १०० डोको
- लेयर्सको मल - १५० के.जी
- तिते पाती र बनमारा - ४० के.जी
- जंगलको माटो - ४० के.जी
- खरानी - १०० के.जी
- काठको धुलो - १०० के.जी
- आई पि एग्रो लिक्वीड - २ बोतल
- सखर/भेली - २ के.जी
- चार ईन्चको कालो पोलिथिन पाईप (२ प्वाल) — २ टुक्रा (१२ फिट)








**कम्पोष्ट मल बनाउने विधि:**

- मल बनाउनु भन्दा १ हप्ता पहिले २ बोतल आई पि एग्रो लिक्वीट र २ के.जी सखर/भेलीलाई ६० लिटर पानीमा मिसाई घाँम नभएको स्थानमा छोपेर राख्ने ।
- १ हप्तापछि मल बनाउदा उक्त घोललाई राम्रोसंग चलाई प्रत्यक तहमा जोरणको रुपमा प्रयोग गर्ने ।
- सबै भन्दा पहिला पाईपलाई ४/४ ईन्चको फरकमा ४ लाईन पाईप भरी प्वाल पार्ने ।
- भुँईमा सुकेका खर,छवाली वा सुकेका पतिङगर विछ्याउने ।
- एउटा पाईप विच्चमा तेस्रो पारेर अर्को पाईप ठाडो पारेर राख्ने ।
- एक तह गोवर राख्ने,यसमाथी लेयर्सको सुली, सुकेको पातपतिङगर, तिते पाती,हड्डीको धुलो, बनमारा, काठको धुलो राख्ने।
- हजारीको मद्दतले आई पि एग्रो लिक्वीटको झोल जोरणको रुपमा प्रयोग गर्ने ।
- फेरी गोवर राख्ने र त्यही रितले तह तह बनाउदै जोरन राख्दै जाने र राम्रोसंग खाद्रे गर्नुपर्छ ।
- यसरी सबै सामाग्री राखिसकेपछि कालो पलाष्टिकले पानी नछिर्ने गरि राम्रोसंग छोप्ने ।
- यसो गर्दा तेस्रो र ठाडो बनायको दुबै पाईपको मुख खुल्ला हुनुपर्छ ।
- १ महिनापछि मल उल्टाउनुहोस ।
- माथी उल्लेख सामाग्रीहरु नभयको अवस्थामा पनि मल बनाउन सकिन्छ । पछि मल पल्टाउने समयमा अपुग सामाग्री राख्न सकिन्छ ।
- यसरी बनायको मल ६ महिनामा प्रयोग गर्न सकिन्छ । २ वटा भन्दा धेरै पाईप प्रयोग गर्दा मल चाडै तयार हुन्छ।

---

## अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने मर्यादित/सही शब्दावलीका उदाहरण

| क्र.स. | गलत (अमर्यादित शब्द) | | क्र.स. | सही (मर्यादित)शब्द | |
|---|---|---|---|---|---|
| १ | लुलो, कुँजो, खोरेन्डो, बामपुड्के, डुँडो, बाउन्नवीर, खुडें | × | १ | शारीरिक अपाङ्गता भएको व्यक्ति | √ |
| २ | कानो र अन्धो | × | २ | दृष्टिविहिन, न्यून दृष्टियुक्त | √ |
| ३ | बहिरो र बक्क लाटो | × | ३ | बहिरा व्यक्ति, सुस्त श्रवण | √ |
| ४ | लठेब्रो, गोज्याङग्रो र सुस्त मनस्थिति | × | ४ | बौद्धिक अपाङ्गता भएका व्यक्ति | √ |
| ५ | भकभके / हकला | × | ५ | स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्ति | √ |
| ६ | पागल, बौलाहा | × | ६ | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति | √ |
| ७ | लाटो अन्धो | × | ७ | श्रवण-दृष्टिविहिन | √ |
| ८ | बुढा/बुढी | × | ८ | जेष्ठ नागरिक | √ |
| ९ | विधवा | × | ९ | एकल महिला | √ |

# कार्यपालिका बैठकका निर्णयहरु [बैठक नं. ५/२०७९।०८०]

*मितिः २०७९/०७/१३* *समयः दिउँसो ३:०० बजे*

*स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष* *अध्यक्षताः श्री होम प्रकाश श्रेष्ठ*

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैंठक संख्या ४ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा सबै निर्णय कार्यान्वयन नभएको र निर्णय कार्यान्वयनको चरणमा भएकाले निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै पदाधिकारी, कर्मचारी तथा शाखा/कार्यालयहरुलाई थप जिम्मेवार गराउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. २:**

भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र/कार्यालयहरुबाट चालु आर्थिक वर्ष २०७९।०८० को प्रथम त्रैमासिक अवधिमा सम्पादित सेवाहरुको प्रतिवेदन र हालसम्मको सेवा प्रवाह बारे समीक्षा गरी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. ३:**

लुम्बिनी प्रदेश सरकार, प्रदेश पूर्वाधार विकास प्राधिकरणद्वारा सञ्चालन हुने ठूला पूर्वाधार निर्माणका लागि आयोजना पूर्वसम्भाव्यताका लागि तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी पठाउने निर्णय सर्वसम्मतिले गरियोः

**तपसिल**

| क्र.सं. | आयोजना/परियोजना | आयोजना कार्यान्वयन स्थल | क्षेत्र | कै. |
|---|---|---|---|---|
| १ | गाउँपालिका चक्र सडक तथा पुल निर्माण | वडा नं. ५,४,३,२,१,७,९,८ हुँदै ५ | पूर्वाधार | |
| २ | मारिङ कृषि अनुसन्धान केन्द्र | वडा नं २ र ७ मारिङ | कृषि | |
| ३ | महत युद्ध फिचर खुला संग्रहालय र गुरिल्ला पदमार्ग निर्माण | वडा नं. ६ र गुरिल्ला पदमार्ग क्षेत्र | पर्यटन | |

**निर्णय नं. ४:**

मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि निर्वाचन आयोगको परिपत्र बमोजिम स्थानीय मापदण्डमा आधारित रहेर मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा परिचालित कर्मचारीहरुलाई गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत कार्यक्रमबाटै बेहोर्ने गरी प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७४ को दफा २(१) बमोजिम सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रका लागि कार्यालयसमक्ष पेश भएको दरखास्त उपर कार्यविधिको अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्बन्धमा जाँचबुझ समितिबाट सिफारिस भई आए बमोजिम श्री गुनाम कन्स्ट्रक्सन एण्ड ग्रील उद्योग प्रा.लि. भूमे गा.पा. ७ रुकुम (पूर्व) लाई "घ" वर्गको निर्माण व्यवासायी इजाजत दिने निर्णय गरियो।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मितिः २०७९/०७/०३

यस कार्यालयबाट आ.व २०७९/०८० वार्षिक बजेट अनुसार मिति २०७९/०५/१९ गतेको राष्ट्रिय दैनिक पत्रिका र **PPMO e-GP System** को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/BRMO/NCB/W-01/2079-80 | झुम्लावाङ-क्याङसी-गाबाङ- काँक्री सडक निर्माण (पहिलो चरण) | श्री सन्तोष निर्माण सेवा मोरवाङ -५, रुकुम | रु. २६,३८,७७३।५० (अक्षेरुपी छब्बीस लाख अठ्तीस हजार सात सय त्रिहत्तर रुपैया पचास पैसा मात्र) |
| २. | EGP/BRMO/NCB/W-02/2079-80 | रानीवासा- कुईपा सडक निर्माण (पहिलो चरण) | श्री सन्तोष निर्माण सेवा मोरवाङ -५, रुकुम | रु. ३०,२७,१९७।४४ (अक्षेरुपी तीस लाख सत्ताईस हजार एक सय सन्तानब्बे रुपैया चवालीस पैसा मात्र) |
| ३. | EGP/BRMO/NCB/W-03/2079-80 | धर्मशाला- खुङ-मालुवा -खाल सडक निर्माण (पहिलो चरण) | श्री प्रभात निर्माण सेवा प्रा. लि. मुसिकोट न .पा -५ रुकुम (पश्चिम) | रु. २६,९०,५८४।०० (अक्षेरुपी छब्बीस लाख नब्बे हजार पाँच सय चौरासी रुपैया मात्र) |
| ४. | EGP/BRMO/NCB/W-04/2079-80 | कुचिवाङ- सिमखोला- लावाङ सडक निर्माण (पहिलो चरण) | श्री सन्तोष निर्माण सेवा मोरवाङ -५, रुकुम | रु. २१,८७,८२२।२७ (अक्षेरुपी एककाईस लाख सतासी हजार आठ सय बाईस रुपैया सत्ताईस पैसा मात्र) |

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०७९/०७/०४**

यस कार्यालयबाट आ.व. २०७९/०८० वार्षिक बजेट अनुसार मिति २०७९/०५/२० गतेको पहिलो पटक र मिति २०७९/०६/१३ गतेको दोस्रो पटक राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि: सबै दरभाउपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/BRMO/SQ/W-01/2079-80 | धर्मशाला –लाबाङ- चुनबाङ सडक निर्माण (पहिलो चरण) | श्री दिपक कन्स्ट्रक्सन सर्भिस, खलङ्गा गा. वि. स- ६ ,रुकुम (पश्चिम) | रु. १३,९२,४७०।०० (अक्षेरुपी तेह्र लाख बयानब्बे हजार चार सय सत्तरी रुपैया मात्र) |
| २. | EGP/BRMO/SQ/W-01/2079-80 | झारखुन -खाल -मसिना -आरबाङ सडक निर्माण (पहिलो चरण) | श्री यमुना निर्माण सेवा, मुसिकोट न. पा -१ ,रुकुम (पश्चिम) | रु. ११,१४,२६०।०४ (अक्षेरुपी एघार लाख चौध हजार दुई सय साठी रुपैया चार पैसा मात्र) |
| ३. | EGP/BRMO/SQ/W-01/2079-80 | गैरीगाउँ -बुढागाउँ - गहुकन्द सडक निर्माण (पहिलो चरण) | श्री गेमी रोल्पा कन्ट्रक्सन प्रा .लि ,घोराही उ .म .न .पा -१५, दाङ | रु. ८,२२,७५२।५० (अक्षेरुपी आठ लाख बाईस हजार सात सय बाउन्न रुपैया पचास मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## २०७९ मंसिर ३ गते सम्म १८ वर्ष पुरा भएका मतदाताको संख्या

**महिला:** ८८४७५७९

**पुरुष:** ९१४०८०६

**अन्य:** १८५

**जम्मा:** १७९८८५७०

## दोमही कुचिबाङ सडक निर्माणका लागि बोलपत्र आव्हानको सूचना

# Invitation For Bids

## Bhume Rural Municipality

## Office Of The Rural Municipal Executive

**Khabangbagar, Rukum (East)**

**Lumbini Province, Nepal**

## Invitation for Bids for the construction work under the below mentioned contracts.

**First Date of Publication: 2079/07/06B.S (2022/10/23A.D)**

1. Bhume Rural Municipality(BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East) on or before 12:00 Noon on2079/08/06 B.S (2022/11/22A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on2079/08/06 B.S (2022/11/22 A.D). at the office ofBRMOKhabangbagar, Rukum (East). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid securityamounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural Municipality Office (BRMO) Khabangbagar,Rukum (East)reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Name of the Bank** : **Citizens Bank International Ltd. , Bhume branch**

**Name of Office** :**Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**

| | **For Bid Document** | **For Bid Security** |
|---|---|---|
| **A/c name** | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| **A/c No.** | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Domahi-Kuchiwang Road | EGP/BRMO/ NCB/W-05/2079-80 | 23,04,000.00/-( Twenty three lakh four thousand only) | 3,000.00/- (Three thousand only) | 57,600.00/-(Fifty seven thousand six hundred only) |

**Chief Administrative Officer**


प्रतिनिधि सभा सदस्य तथा
प्रदेश सभा सदस्य निर्वाचन, २०७९
मंसिर ४ गते, आइतबार
बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
मतदान कसरी गर्ने
मतदाता नामावलीमा नाम रुजु गराउनुहोस्
बाँया हातको बुढी औंलाको नङ र मासुको बीचमा पर्ने गरी मसी लगाई माग्नुहोस्
१
प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि सेतो पृष्ठभूमिमा रातो रंगमा निर्वाचन चिन्ह र अन्य विवरण छापिएको पहिलो मतपत्र
पहिलो मतपत्र लिनुहोस्
स्वस्तिक छाप (卐) ले कुनै एक उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्
मतपत्र सही तरिकाले पट्याउनुहोस् र सेतो पृष्ठभूमिमा रातो रङले "१" लेखिएको स्टिकर भएको मतपेटिकामा मत खसाल्नुहोस् ।
१
२
प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीको लागि सेतो पृष्ठभूमिमा कालो रंगमा निर्वाचन चिन्ह र अन्य विवरण छापिएको दोश्रो मतपत्र
दोश्रो मतपत्र लिनुहोस्
स्वस्तिक छाप (卐) ले कुनै एक राजनीतिक दलको निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्
मतपत्र सही तरिकाले पट्याउनुहोस् र सेतो पृष्ठभूमिमा कालो रङले "२" लेखिएको स्टिकर भएको मतपेटिकामा मत खसाल्नुहोस् ।
२
३
प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि सेतो पृष्ठभूमिमा रातो रंगमा निर्वाचन चिन्ह र अन्य विवरण छापिएको तेश्रो मतपत्र
तेश्रो मतपत्र लिनुहोस्
स्वस्तिक छाप (卐) ले कुनै एक उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्
मतपत्र सही तरिकाले पट्याउनुहोस् र सेतो पृष्ठभूमिमा रातो रङले "३" लेखिएको स्टिकर भएको मतपेटिकामा मत खसाल्नुहोस् ।
३
४
प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीको लागि सेतो पृष्ठभूमिमा कालो रंगमा निर्वाचन चिन्ह र अन्य विवरण छापिएको चौथो मतपत्र
चौथो मतपत्र लिनुहोस्
स्वस्तिक छाप (卐) ले कुनै एक राजनीतिक दलको निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्
मतपत्र सही तरिकाले पट्याउनुहोस् र सेतो पृष्ठभूमिमा कालो रङले "४" लेखिएको स्टिकर भएको मतपेटिकामा मत खसाल्नुहोस् र मतदान केन्द्रबाट बाहिर जानुहोस् ।
४

# उपभोक्ता तथा व्यापारी वर्गमा

# भूमे गाउँपालिका रुकुम (पूर्वी भाग)को अपिल

१) कारोबारस्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान किन्ने गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा गाउँपालिका वा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस गाउँपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।